# परिवार रोडम्याप शब्दावली

यो शब्दावली शिक्षामा प्रयोग हुने सामान्य शब्दहरूको सूची हो। यसमा स्कुल र शिक्षाबारे सामान्य शब्दहरूको सामान्य परिभाषा र व्याख्या समावेश हुन्छ। यो स्रोतले तपाईंको बच्चाको शिक्षा अझ राम्ररी बुझ्न तपाईंलाई मद्दत गर्ने छ।

## विद्यालयपछिका कार्यक्रमहरू

विद्यालयपछिका कार्यक्रमहरू नियमित विद्यालय समयतालिकाभन्दा बाहिर हुने क्रियाकलापहरू हुन्। यी कार्यक्रमहरू विद्यार्थीहरूलाई नयाँ कुराहरू सिक्नमा मद्दत गर्न डिजाइन गरिएका हुन्। तिनीहरू आमाबुवा वा अभिभावकहरू काममा हुँदा विद्यार्थीहरूले रमाइलो गर्ने र सुरक्षित रहने ठाउँ पनि हुन्। विद्यालयपछिका केही कार्यक्रमहरूमा खेलकूद टोली, कला कक्षा, सङ्गीत पाठ वा ट्यूटोरिङ समावेश हुन सक्छन्। तपाईंको बच्चाले यी कार्यक्रमहरूमा भाग लिन आवश्यक छैन। तिनीहरू वैकल्पिक हुन्।

## उपस्थिति

उपस्थिति भनेको नियमित विद्यालय जानु हो। तपाईंको बच्चा हरेक दिन विद्यालय जानुपर्छ। उहाँ बिरामी भएमा वा अर्को महत्त्वपूर्ण कारण भएमा मात्र विद्यालय छुटाउनुपर्ने हुन्छ। केही कुराहरू सिक्न र साथीहरूसँग हुनका लागि विद्यालयमा रहनु महत्त्वपूर्ण छ। तपाईंको बच्चाको विद्यालय छुटाउनुभयो भने, उहाँ पछि पर्न र कक्षामा हुने रमाइला क्रियाकलापहरू छुटाउन सक्नुहुन्छ। थप जानकारिका लागि, तपाईंले Ohio शिक्षा तथा कार्यबल विभाग(Ohio Department of Education and Workforce)को वेबसाइटमा रहेको उपस्थिति समर्थन पृष्ठमा जान सक्नुहुन्छ।

## करियर टेक्निकल शिक्षा (Career Technical Education, CTE)

करियर टेक्निकल शिक्षा (CTE) एक प्रकारको शिक्षा हो जसले विद्यार्थीहरूलाई विभिन्न करियर र जागिरहरूका लागि तयारी गर्न सक्ने सीप र ज्ञान सिक्न मद्दत गर्छ। विद्यार्थीहरूले प्राविधिक, स्वास्थ्य सेवा, इन्जिनियरिङ र अन्य धेरै विषयहरूमा व्यावहारिक र प्रायोगिक सीपहरू सिक्न सक्छन्। यो विद्यार्थीहरूका लागि विभिन्न करियर विकल्पहरू अन्वेषण गर्ने र भविष्यमा सफल हुन मद्दत गर्न बहुमूल्य अनुभव प्राप्त गर्ने तरिका हो।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

# द्विभाषी अध्ययनकर्ताहरू (Dual Language Learners, DLL)

प्रारम्भिक स्याहार र शिक्षा प्रणालीमा, द्विभाषी अध्ययनकर्ताहरूले जन्मिएदेखि दुई वा सोभन्दा धेरै भाषाहरू एकैपटक सिक्छन् वा आफ्नो पहिलो भाषा सिकेपछि दोस्रो भाषा सिकिरहेका छन्। यो शब्दावली अझैसम्म किन्डरगार्टनमा भर्ना नभएका विद्यार्थीहरूका लागि प्रयोग गरिन्छ। उनीहरूले आफ्नो पहिलो भाषासँगसँगै दोस्रो वा नयाँ भाषाको रूपमा अङ्ग्रेजीमा आधारभूत भाषा सीप प्राप्त गर्दै छन्।

# शिक्षाका स्तरहरू

विद्यार्थीहरूले पूरा गर्नुपर्ने विभिन्न शिक्षा स्तरहरू छन्। पाँच मुख्य स्तरहरू यी हुन्: प्रिस्कूल, इलिमेन्टरी स्कूल, मिडल स्कूल, हाइ स्कूल र पोस्ट-सेकेन्डरी शिक्षा। तपाईं USA Hello वेबसाइटमा थप कुरा जान्न सक्नुहुन्छ।

## प्रिस्कुल

प्रिस्कूल एउटा विद्यालय हो जहाँ साना बालबालिका किन्डरगार्टनमा जान सुरु गर्नुअघि खेल्न र सिक्न जान्छन्। बालबालिका सामान्यतया 3 र 5 वर्षको बिचमा प्रिस्कूल जान्छन्। प्रिस्कूलमा उपस्थित हुँदा बालबालिकालाई विद्यालयको दिनचर्यामा बानी बसाल्न मद्दत गर्छ। यसले उनीहरूलाई आफ्नो उमेरसरहका अन्य बालबालिकासँग सिक्न र रमाइला क्रियाकलापहरूमा सामेल हुन पनि अनुमति दिन्छ। यो उमेरमा, विद्यार्थीहरूलाई द्विभाषी अध्ययनकर्ताहरूको रूपमा पहिचान गर्न सकिन्छ।

कहिलेकाहीँ परिवारहरूले आफ्नो बच्चा प्रिस्कूल गएबापत भुक्तानी गर्नुपर्ने हुन्छ। हेड स्टार्ट (Head Start) कार्यक्रममार्फत कम आय भएका परिवारहरूका लागि नि:शुल्क प्रिस्कूल विकल्पहरू छन्। प्रिस्कूलमा बालबालिकाले अन्य बालबालिकासँग कसरी व्यवहार गर्ने र किन्डरगार्टनका लागि कसरी तयारी गर्ने भनेर सिक्छन्। प्रिस्कूल भनेको शिक्षक र परिवारहरूले विशेष सिकाइ वा विकासात्मक आवश्यकताहरू पहिचान गर्न सक्ने समय पनि हो। परिवार र प्रिस्कूल शिक्षकहरूले मिलेर युवा बच्चाका विशेष आवश्यकताहरूमा सहायता गर्ने स्वास्थ्य स्याहार, सिकाइ र अन्य सहायताहरू फेला पार्नमा मद्दत गर्न सक्नुहुन्छ। Ohioमा, हेल्प मी ग्रो (Help Me Grow) कार्यक्रमले युवा बालबालिकाहरूका परिवारहरूलाई धेरै सहायता उपलब्ध गराउँछ।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

## किन्डरगार्टन

बालबालिकाले 5 वर्षको उमेरमा पब्लिक स्कूलबाट किन्डरगार्टन सुरु गर्छन्। किन्डरगार्टन कक्षाहरू छोटो (आधा दिन) वा लामो (पूरा दिन) को हुन सक्छन्। किन्डरगार्टन कक्षाहरू बिहान वा दिउँसोको समयमा आधा दिनको हुन सक्छन्। बालबालिकाले आफ्नो किन्डरगार्टन कक्षाहरूमा बिताउने समय स्कूल डिस्ट्रिक्टमा निर्भर गर्दछ।

## इलिमेन्टरी स्कूल

बालबालिका इलिमेन्टरी स्कूलमा किन्डरगार्टनदेखि पाँचौँ ग्रेडसम्म जान्छन्। अधिकांश विद्यार्थीहरूले 10 वर्षको उमेरमा इलिमेन्टरी स्कूल पूरा गर्छन्। किन्डरगार्टनपछि, अर्को वर्ष पहिलो ग्रेडमा पढ्छन्।

इलिमेन्टरी स्कूलका बालबालिकाहरूले सामान्यतया एउटै कक्षाकोठामा एउटै शिक्षकबाट विभिन्न विषयहरू पढ्छन्। उनीहरूले लेखन र गणित सीपहरू विकास गर्न र पठन, आलोचनात्मक सोच र समस्या समाधान गर्न सिक्छन्।

## मिडल स्कूल

मिडल स्कूलमा, विद्यार्थीहरू लगभग 11 देखि 13 वर्षका हुन्छन्। यो छैटौँ ग्रेडबाट सुरु हुन्छ र आठौँ ग्रेडमा समाप्त हुन्छ। मिडल स्कूलका विद्यार्थीहरू प्राय: फरक-फरक विषयका लागि फरक-फरक कक्षाकोठामा जान्छन् र एकै दिनमा फरक-फरक शिक्षकहरूसँग पढ्छन्।

## हाइ स्कूल

विद्यार्थीहरू प्रायः 14 देखि 18 वर्षको उमेरमा हाइ स्कूल जाने गर्छन्। थप मद्दत चाहिने केही विद्यार्थीहरू 22 वर्षको उमेरसम्म हाइ स्कूलमा उपस्थित हुन सक्षम हुन सक्छन्।

हाइ स्कूल नवौँ ग्रेडबाट सुरु हुन्छ र 12 ग्रेडमा समाप्त हुन्छ। कक्षाहरू विषयअनुसार मिलाइन्छ। एक विद्यार्थीको सामान्यतया दिनभरि फरक-फरक शिक्षकहरू हुन्छन्। केही विद्यार्थीहरूले उन्नत कक्षाहरूमा उपस्थित हुन र काम वा कलेजको तयारी गर्न सक्छन्। विद्यार्थीहरूले हाइ स्कूलका लागि करियर टेक्निकल शिक्षा कार्यक्रममा पनि भाग लिन छनोट गर्न सक्छन्। हाइ स्कूलमा क्लब, खेलकूद र अन्य क्रियाकलापहरू पनि छन्।

हाइ स्कूलमा, प्रत्येक ग्रेड वर्षको नाम हुन्छ:

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

- फ्रेसम्यान वर्ष (ग्रेड 9)।
- सोफोमोर वर्ष (ग्रेड 10)।
- जुनियर वर्ष (ग्रेड 11)।
- सिनियर वर्ष (ग्रेड 12)।

## शिक्षा अधिकार

कसैको जाति, धर्म वा अन्य व्यक्तिगत विशेषतालाई ध्यानमा नराखी सबैजनासँग समान अवसर र कानुनी सुरक्षा छन् भनी सुनिश्चित गर्न संयुक्त राज्य अमेरिकामा नागरिक अधिकारहरू सिर्जना गरिएका छन्। नागरिक अधिकारका केही उदाहरणहरूमा सार्वजनिक शिक्षाको अधिकार, मतदानको अधिकार, सरकारको मद्दत पाउने अधिकार र सार्वजनिक स्थलहरू प्रयोग गर्न पाउने अधिकार समावेश छन्। नागरिक अधिकार भनेको विद्यार्थी र परिवारहरूले शिक्षामा पाउने अधिकारको आधार हो।

अङ्ग्रेजी भाषा सहायताहरू प्राप्त गर्ने परिवार र विद्यार्थीहरूसँग अधिकार छ। अर्थात्, तपाईंले आफ्नो बच्चालाई स्कूलमा सिक्न र सफल हुन मद्दत गर्ने निर्णयहरू गर्न र कदम चाल्न सक्नुहुन्छ। यी अधिकारहरू तपाईंका जस्तै आमाबुवा र परिवारहरूलाई निष्पक्ष व्यवहार गरिन्छ र तपाईंका बालबालिकाले सम्भवतः सबैभन्दा राम्रो शिक्षा प्राप्त गर्छन् भनी सुनिश्चित गर्नका लागि महत्त्वपूर्ण छन्।

## नामाङ्कन

नामाङ्कन भनेको तपाईंले आफ्नो बच्चालाई विद्यालय जानका लागि दर्ता गर्नु हो। यो विद्यालयबाहेक क्लब वा टोलीमा सामेल हुनु जस्तै। अर्थात्, तपाईंको बच्चा त्यहाँ विद्यार्थी बन्न गइरहेको छ। 5 देखि 18 वर्षसम्मका प्रत्येक बच्चालाई विद्यालयमा नामाङ्कित गर्नुपर्छ।

## अङ्ग्रेजी अध्ययनकर्ता

एकभन्दा धेरै भाषा बोल्ने र पठन, लेखन वा वाचनमा प्रवीण स्तरभन्दा तल अङ्ग्रेजी परीक्षण स्कोर भएका विद्यार्थीहरूका लागि विद्यालयहरूले यो शब्दावली प्रयोग गर्न सक्छन्। यी विद्यार्थीहरू विद्यालयमा नामाङ्कित हुन्छन् र अङ्ग्रेजी बोल्न, पढ्न, लेख्न र बुझ्नका लागि निर्देशन र अन्य समर्थनहरू प्राप्त गर्छन्। अङ्ग्रेजी सिक्ने विद्यार्थीहरू सामान्यतया घरमा अङ्ग्रेजीबाहेक एक वा धेरै भाषाहरू बोल्छन्।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

## अङ्ग्रेजी भाषा सहायता (अङ्ग्रेजी सीपहरू सुधार गर्न अतिरिक्त मद्दत)

प्रत्येक विद्यालयले विद्यार्थीहरूलाई आफ्ना अङ्ग्रेजी सीपहरू सुधार गर्न आवश्यक पर्ने थप मद्दत उपलब्ध गराउनुपर्छ। प्रत्येक विद्यालयले फरक तरिकाले अङ्ग्रेजी पढाउन सक्छ। प्रत्येक वर्ष, तपाईंको बच्चाले आफ्ना अंङ्ग्रेजी भाषा सीपहरू जाँच्नका लागि परीक्षा (Ohio अङ्ग्रेजी भाषा मूल्याङ्कन (Ohio English Language Proficiency Assessment) दिने छ। तपाईंको बच्चाले परीक्षा पास नगरेसम्म अङ्ग्रेजी भाषा सहायता प्राप्त गरिरहने छ।

अङ्ग्रेजी भाषा सहायतामा निम्न कुराहरू समावेश हुन सक्छन्:

- विद्यार्थीहरूलाई अङ्ग्रेजी सिक्न मद्दत गर्ने कक्षाहरू।
- विद्यार्थीहरूलाई उनीहरूले के सिकिरहेका छन् भनेर बुझ्न मद्दत गर्नका लागि विज्ञान वा गणित जस्ता नियमित कक्षाहरूमा अतिरिक्त मद्दत।

## अङ्ग्रेजी भाषा प्रवीणता

अङ्ग्रेजी भाषा प्रवीणता भनेको अङ्ग्रेजी राम्रोसँग बोल्न, बुझ्न, पढ्न र लेख्न सक्षम हुनु हो। विद्यार्थीहरूले अङ्ग्रेजी कत्तिको राम्रोसँग प्रयोग गर्छन् भनी जाँच गर्न विद्यालयहरूले परीक्षाहरू (जस्तै Ohio अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कन) प्रयोग गर्छन्। यसमा राम्रो हुनका लागि समय र अभ्यास चाहिन्छ। कसैको अङ्ग्रेजी भाषा प्रवीणता भएमा उहाँ अङ्ग्रेजीमा राम्रोसँग कुराकानी गर्न (बोल्न, पढ्न, लेख्न र बुझ्न) सक्नुहुन्छ।

## अतिरिक्त क्रियाकलापहरू

अतिरिक्त क्रियाकलापहरू भनेको तपाईंको बच्चा आफ्नो नियमित विद्यालय दिनबाहिर सामेल हुन सक्ने क्रियाकलापहरू हुन्। यी क्रियाकलापहरूमा खेलकूद, संगीत, क्लब वा स्वयंसेवा पर्न सक्छन्। तिनीहरूले तपाईंको बच्चालाई नयाँ साथीहरू बनाउन, नयाँ सीपहरू सिक्न र रमाइलो गर्नमा मद्दत गर्न सक्छन्। यो सक्रिय र स्वस्थ रहने उत्कृष्ट तरिका पनि हो।

## फेमिली लिसन

फेमिली लिसन भनेको एकभन्दा बढी भाषा बोल्न सक्ने र परिवार तथा विद्यालयहरूलाई एकसाथ गर्नमा मद्दत गर्न सक्ने व्यक्ति हुन्। तिनीहरूले सबैजनाले एकअर्कालाई बुझ्नुहुन्छ भनी सुनिश्चित गर्न आमाबुवा,

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

शिक्षक र विद्यालयहरूसँग काम गर्छन्। यसले विद्यार्थीहरूलाई विद्यालयमा आफ्नो सक्दो प्रयास गर्नमा मद्दत गर्छ।

## आर्थिक सहायता

संयुक्त राज्य अमेरिकामा विद्यार्थी आर्थिक सहायता भनेको पैसा हो जसको प्रयोग गरेर विद्यार्थीहरूले कलेज वा करियर टेक्निकल शिक्षा जस्ता हाइ स्कूलपछिको शिक्षाका लागि भुक्तानी गर्न सक्छन्। यो पैसा सरकार, विद्यालय र निजी समूहहरूबाट आउन सक्छ। यो अनुदान, ऋण, कार्य-अध्ययन जागिर वा छात्रवृत्तिको रूपमा दिन सकिन्छ। संघीय सहायताका लागि आवेदन दिन, विद्यार्थीहरूले संघीय विद्यार्थी सहायताका लागि निःशुल्क आवेदन (Free Application for Federal Student Aid (FAFSA)) भर्नुपर्छ।

## निःशुल्क र मूल्य घटाइएको भोजन

निःशुल्क र मूल्य घटाइएको भोजन भनेको विद्यार्थीहरूले विद्यालयमा थोरै पैसामा वा निःशुल्क रूपमा पाउन सक्ने भोजन हो। कम आय भएका परिवारहरू यी भोजन पाउन योग्य ठहरिन र त्यसका लागि आवेदन दिन सक्नुहुन्छ। अमेरिकी शिक्षा विभागको कार्यक्रमले प्रत्येक राज्यलाई कम आय भएका परिवारहरूका लागि यी भोजनका लागि भुक्तानी गर्नमा मद्दत गर्न कोष र अन्य सहायताहरू प्रदान गर्छ।

## प्रतिभाशाली शिक्षा

प्रतिभाशाली शिक्षा भनेको निश्चित विषयहरूमा प्रतिभासम्पन्न भएका विद्यार्थीहरूका लागि विशेष कक्षा वा कार्यक्रमहरू प्रदान गर्नु हो। यी कक्षाहरूले विद्यार्थीहरूलाई थप जान्ने र आफ्ना क्षमताहरूसँग मिल्ने तरिकाहरूमा चुनौतीपूर्ण हुने अवसर दिन्छन्।

## ग्रेड

ग्रेड भनेको शिक्षकहरूले विद्यार्थीहरूलाई कक्षामा गर्ने कामका लागि दिने स्कोर हो। तिनीहरूले तपाईंको बच्चाले कत्तिको राम्रोसँग बुझ्नुहुन्छ र असाइनमेन्टहरू पूरा गर्नुहुन्छ भनी देखाउँछ। तिनीहरू विद्यालय वर्षभर तपाईंको बच्चाको प्रगति ट्र्याक गर्न प्रयोग गर्न सकिन्छ। उच्च ग्रेड ल्याउनु भनेको राम्रो प्रदर्शन गरेको बुझिन्छ। कम ग्रेड ल्याउनु भनेको तपाईंको बच्चाले केही कुराहरूमा सुधार गर्नुपर्ने हुन सक्छ भन्ने बुझिन्छ।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

## होम स्कूल (घरमा पढ्ने)

Ohioमा आमाबुवाले आफ्ना बालबच्चालाई विद्यालयमा पठाउनुको सट्टा घरमा पढाउने रोज्न सक्नुहुन्छ। उहाँहरूले होम स्कूलिङका लागि आफ्नो स्थानीय स्कूल डिस्ट्रिक्टको सुपरिटेन्डेन्टलाई बताउनुपर्ने र Ohioको कानुनका नियमहरू पालना गर्नुपर्ने हुन्छ। Ohio शिक्षा तथा कार्यबल विभागको वेबसाइटमा रहेको होम-स्कूलिङ पृष्ठमा थप जान्नुहोस्।

## गृह भाषासम्बन्धी सर्वेक्षण (भाषा प्रयोगको सर्वेक्षण)

भाषा प्रयोगको सर्वेक्षण भनेको परिवारहरूले घरमा बोल्ने भाषाहरूका बारेमा जान्नका लागि विद्यालयहरूले प्रयोग गर्ने फाराम हो। परिवारहरूले आफूले प्रयोग गर्न रुचाउने भाषा बताउनका लागि यो फाराम प्रयोग गर्न सक्नुहुन्छ। विद्यालयले परिवारहरूसँग उहाँहरूले प्रयोग गर्न रुचाउने भाषामा जानकारी साझा गर्नका लागि फाराममा भएको जानकारी प्रयोग गर्नुपर्छ। घरमा अङ्ग्रेजीबाहेक अन्य भाषा प्रयोग गर्ने परिवारहरूका विद्यार्थीहरूले आफ्ना अङ्ग्रेजी सीपहरूमा सुधार ल्याउन अतिरिक्त मद्दत चाहिन्छ कि चाहिँदैन भनी जाँच गर्नुपर्ने हुन सक्छ।

## भाषा दोभाषे (वा अनुवादन)

भाषा व्याख्या वा अनुवादन भनेको एउटा भाषाबाट शब्द वा वाक्यहरू लिनु र तिनलाई अर्को भाषामा लेख्नु वा बोल्नु हो। यसले विभिन्न भाषा बोल्ने मानिसहरूलाई एकअर्कालाई राम्रोसँग बुझ्नमा मद्दत गर्छ।

## दोभाषे (वा अनुवादक)

दोभाषे वा अनुवादक भनेको व्यक्तिले एउटा भाषामा भनेको वा लेखेको कुरालाई अर्को भाषामा रुपान्तर गर्ने व्यक्ति हुन्। यसले विभिन्न भाषा बोल्ने मानिसहरूलाई एकअर्कालाई राम्रोसँग बुझ्नमा मद्दत गर्छ।

## मानसिक स्वास्थ्य

हामीले आफ्नो शरीरको ख्याल गरेजस्तै आफ्नो मस्तिष्कको ख्याल गर्न महत्त्वपूर्ण छ। मानसिक स्वास्थ्य भनेको हामीले महसुस गर्ने र सोच्ने कुरा हो। यसमा भावना, व्यवहार र सिक्ने तरिकाहरू समावेश छन्। बालबालिकाको राम्रो मानसिक स्वास्थ्य भयो भने उनीहरू खुसी र आत्मविश्वासी हुन सक्छन्। उहाँहरूले विद्यालयमा राम्रो काम गर्न र परिवार तथा साथीहरूसँग राम्रो सम्बन्ध बनाउन पनि सक्नुहुन्छ।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

## Ohio शिक्षा तथा कार्यबल विभाग

## (Ohio Department of Education and Workforce)

Ohio शिक्षा तथा कार्यबल विभाग(Ohio Department of Education and Workforce)ले Ohioमा बालबालिकाहरूलाई पढाउने विद्यालयहरूको निरीक्षण गर्छ। Ohio शिक्षा तथा कार्यबल विभाग(Ohio Department of Education and Workforce) भनेको विद्यालय र शिक्षकहरूलाई बालबालिकाहरूले सिकिरहेका छन् र अगाडि बढिरहेका छन् भनी सुनिश्चित गर्नमा मद्दत गर्न एकसाथ काम गर्ने मानिसहरूको संगठन हो। तिनीहरूले नियमहरू बनाउँछन् र विद्यालयहरूलाई आफ्नो सक्दो राम्रो गर्नमा मद्दत गर्न मार्गदर्शन दिन्छन्।

## Ohio अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कन

## (Ohio English Language Proficiency Assessment) (OELPA)

Ohio अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कन(Ohio English Language Proficiency Assessment) भनेको अङ्ग्रेजी अध्ययनकर्ता मानिएका विद्यार्थीहरूलाई गरिने परीक्षण हो। यस परीक्षाले विद्यार्थीहरूले कत्तिको राम्रोसँग अङ्ग्रेजीमा सुन्न, बोल्न, पढ्न र लेख्न सक्छन् भन्ने बारेमा शिक्षकहरूलाई बुझ्न मद्दत गर्छ। यसले विद्यार्थीहरूले आफ्ना भाषा सीपहरू कसरी सुधार्न सक्छन् भन्ने बारेमा पनि शिक्षकहरूलाई जान्न मद्दत गर्छ। यो परीक्षा विद्यालयमा र विद्यालयबाहिर सफल हुनका लागि अङ्ग्रेजी सिक्न अतिरिक्त मद्दत चाहने विद्यार्थीहरूका लागि महत्त्वपूर्ण छ। विद्यार्थीहरूले प्रत्येक पटक यो परीक्षा दिँदा विद्यालयले परिवारहरूसँग नतिजा साझा गर्नुपर्छ।

### वैकल्पिक Ohio अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कन (Alternate Ohio English Language Proficiency Assessment) (Alt-OELPA)

वैकल्पिक Ohio अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कन (Alternate Ohio English Language Proficiency Assessment) (Alt-OELPA) एउटा परीक्षा हो जसले ग्रेड K देखि 12 सम्म पढ्ने उल्लेखनीय संज्ञानात्मक असक्षमता भएका अङ्ग्रेजी अध्ययनकर्ताहरूले कत्तिको राम्रोसँग अङ्ग्रेजी भाषा बुझ्न र प्रयोग गर्न सक्छन् भन्ने कुराको मापन गर्छ। यस परीक्षाले उनीहरूको सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपहरू हेर्छ र उनीहरूलाई आफ्नो विद्यालयको कार्य गर्न चाहिने अङ्ग्रेजी भाषा समावेश गर्छ। Alt-

OELPA ले यी विद्यार्थीहरूलाई परीक्षामा अङ्ग्रेजी सिक्नका लागि विभिन्न अपेक्षाहरूका आधारमा के-के थाहा छ भन्ने कुरा देखाउने अवसर दिन्छ। तपाईं Ohio शिक्षा तथा कार्यबल विभाग(Ohio Department of Education and Workforce)को वेबसाइटमा रहेको Alt-OELPA पेज हेर्न सक्नुहुन्छ।

## Ohio अङ्ग्रेजी भाषा प्रवीणता स्क्रिनर (Ohio English Language Proficiency Screener) (OELPS)

Ohio अङ्ग्रेजी भाषा प्रवीणता स्क्रिनर(Ohio English Language Proficiency Screener) एउटा परीक्षा हो जसलाई विद्यालयहरूले विद्यार्थीहरूलाई अङ्ग्रेजी अध्ययनकर्ता मान्ने कि नमान्ने र उनीहरूलाई अङ्ग्रेजी सिक्न मद्दत चाहिन्छ कि चाहिँदैन भनेर निर्धारण गर्नका लागि प्रयोग गर्छन्। सामान्यतया, परिवारले भाषा प्रयोगको सर्वेक्षण पूरा गरेपछि वा विद्यार्थीको परिवारले घरमा अङ्ग्रेजीबाहेक अन्य भाषा प्रयोग गर्नुहुन्छ भन्ने कुरा विद्यालयले थाहा पाएको खण्डमा विद्यार्थीहरूले यो परीक्षा दिन्छन्।

## स्कूल डिस्ट्रिक्ट

स्कूल डिस्ट्रिक्ट भनेको एउटै क्षेत्रका विद्यालयहरूको समूह हो। तिनीहरू एकसाथ मिलेर आफ्नो क्षेत्रका सबै विद्यार्थीहरू राम्रो विद्यालयमा जान सक्छन् भनी सुनिश्चित गर्छन्। प्रत्येक स्कूल डिस्ट्रिक्टको आ-आफ्नो नियम छ र डिस्ट्रिक्टका सबै विद्यार्थीहरूका लागि निर्णय लिने नेतृत्वकर्ता छन्।

## विशेष शिक्षा

विशेष शिक्षा कार्यक्रमहरूले विद्यार्थीहरूलाई शारीरिक, मानसिक वा अन्य असक्षमता भएमा सहयोग प्रदान गर्छ। विशेष शिक्षाको आवश्यकता भएका विद्यार्थीहरूलाई नियमित कक्षाकोठामा सिक्न गाह्रो हुन सक्छ। उनीहरूले छुट्टै कक्षाकोठामा मद्दत प्राप्त गर्न सक्छन्। यो उनीहरूको शिक्षामा सफल हुन मद्दत गर्नका लागि हो। यसले उनीहरूलाई राम्रो तरिकाले सिक्न मद्दत गर्छ।

## समर क्याम्प

समर क्याम्प भनेको बालबालिकाहरू विद्यालयबाट आफ्नो समर ब्रेकमा जाने एउटा ठाउँ हो। उनीहरू खेलकूद, कला र शिल्प र खेलहरू जस्ता रमाइला क्रियाकलापहरू गर्न पाउँछन्। उनीहरूले नयाँ साथी पनि बनाउन पाउँछन्। उनीहरूले सुरक्षित र निरीक्षण गरिएको वातावरणमा नयाँ कुराहरू सिक्न सक्छन्।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

## विश्वविद्यालय (वा कलेज)

विश्वविद्यालय वा कलेज भनेको विद्यार्थीहरूले हाइ स्कूलको पढाइ पूरा गरेपछि पढ्न जारी राख्न भनेर जाने ठाउँ हो। उनीहरू भविष्यमा आफूले चाहेको जागिरको तयारी गर्न कक्षामा उपस्थित हुन्छन्। विश्वविद्यालयहरू हाइ स्कूलभन्दा ठुला हुन्छन् र विद्यार्थीहरू जानका लागि कक्षाकोठा, पुस्तकालय र छात्रावास जस्ता धेरै भवनहरू छन्।

## भर्चुअल लर्निङ (वा रिमोट वा अनलाइन लर्निङ)

भर्चुअल लर्निङ भनेको विद्यार्थीहरूले सिक्नका लागि कम्प्युटर र इन्टरनेट जस्ता प्रविधिको प्रयोग गर्नु हो। विद्यार्थीहरूले अनलाइन पढ्दा र असाइनमेन्टहरू पूरा गर्दा भर्चुअल लर्निङको प्रयोग गर्छन्। भर्चुअल लर्निङ विद्यालयमा, घरमा, पुस्तकालयमा वा समुदायका अन्य ठाउँहरूमा हुन सक्छ।

## पेशागत प्रशिक्षण (वा करियर टेक्निकल शिक्षा)

पेशागत प्रशिक्षण अर्को प्रकारको शिक्षा कार्यक्रम हो जसमा विद्यार्थीहरूले हाइ स्कूलको समयमा भाग लिन सक्छन्। कार्यक्रमहरू सामान्यतया विद्यार्थीहरूलाई वेल्डिङ, सुरक्षा, खेती, आतिथ्य, निर्माण वा स्वास्थ्य स्याहार जस्ता विशिष्ट करियर वा व्यापारमा जान प्रशिक्षण दिने कुरामा केन्द्रित हुन्छन्। यी कार्यक्रमहरूमा विद्यार्थीहरूले कम्प्युटरहरू कसरी ठीक गर्ने वा खाना पकाउने जस्ता विशेष सीपहरू पनि सिक्न सक्छन्।

*यी स्रोतहरूले Ohio का बहुभाषिक विद्यार्थीको शैक्षिक, विद्यार्थी कल्याण र कलेज तथा करियरका नतिजाहरू बलियो बनाउने लक्ष्य राख्छन्। Ohio शिक्षा तथा कार्यबल विभाग (Ohio Department of Education and Workforce) र Ohio राज्यको विश्वविद्यालयको रोजगारीका लागि शिक्षा तथा प्रशिक्षण केन्द्र (The Ohio State University's Center on Education and Training for Employment) का साथै पारिवारिक अधिवक्ता, सामुदायको नेतृत्वकर्ता, स्कूल डिस्ट्रिक्टका कर्मचारी तथा शिक्षकहरूको समर्पित समूहबिचको सहयोगी प्रयासबाट स्रोतहरू सिर्जना गरिएका थिए।*

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 